# आर्थिक अभियान राष्ट्रिय दैनिक

## शुक्रवार, ५ मंसिर २०७७

ASIAN Life Insurance Company

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.

**प्रधान कार्यालय: मैतिदेवी–३०, काठमाडौं**

**फोन नं. ४४१०११५, ४४३०२७०, फ्याक्स नं. ४४४२१३८**

**E-mail: asianlife@asianlife.com.np~website:www.asianlife.com.np**

## ११ औं बार्षिक साधारण सभा बस्ने सूचना

यस एशियन लाईफ ईन्स्योरेन्स कम्पनी लि.को मिति २०७७/८/४ (तदनुसार १९ नोभेम्बर, २०२०) गते बिहिबार बसेको संचालक समितिको १५५औं बैठकको निर्णयानुसार ११औ बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०७७/९/४ गते शनिवार (तदनुसार, डिसेम्बर १९, २०२०)
**स्थान** : होटल पुजन, वीरगंज
**समय** : बिहान १०:०० बजे

**छलफलका विषयहरु :**

**क) साधारण प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन पारीत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०७४/०७५ आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाव, सोही अवधिको नगदप्रवाहको विवरण (संलग्न अनुसूचिहरु सहित) पारित गर्ने ।
३. आर्थिक बर्ष ०७५/७६ को लागि लेखापरिक्षण समितिको सिफारीस बमोजिम बाह्यलेखा परिक्षक श्री पि.आर.के एशोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, श्री प्रविन राज काफ्ले एफ.सि.ए. लाई पारिश्रमिक वापत रु.१,८०,०००/- (कर बाहेक) प्रदान गर्ने गरी नियुक्त गरीएकोमा सो अनुमोदन गर्ने ।
४. आर्थिक बर्ष ०७६/७७ को लागि लेखापरिक्षण समितिको सिफारीस बमोजिम लेखा परीक्षक नियुक्ती र निजको पारिश्रमिक समर्थन गर्ने । (हालका लेखा परिक्षक श्री पि.आर.के एशोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, श्री प्रविन राज काफ्ले एफ.सि.ए. ले लगातार दुई वर्ष लेखा परिक्षण गरी सक्नुभएको छ ।)

**ख) बिशेष प्रस्ताव**

१. कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा भन्दा बढी भएको खर्च रकमलाई अनुमोदन गर्ने ।

**ग) बिबिध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**साधारण सभा सम्वन्धि सामान्य जानकारीहरु :**

१. कम्पनीको शेयर दाखिला खारेजको काम यहि मिति २०७७/८/१९ देखि मिति २०७७/९/३ गते सम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरीएको मिति भन्दा अगावै अर्थात २०७७/८/१८ गते सम्म शेयर खरिद गरी प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाटमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र यस बार्षिक साधारण सभामा भाग लिन पाउने छन् ।
२. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभाहलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
३. सभाहुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९.३० बजे खुल्ला रहने छ । सभामा भाग लिने शेयरधनीले सभाकक्षमा आफैं उपस्थित भई दस्तखत गर्नु पर्नेछ ।
४. छलफलका बिषय मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय लिखित रुपमा कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई संबोधन गरी प्रधान कार्यालय, मैतिदेवी काठमाण्डौंमा दर्ता गर्नुपर्नेछ । तर सो बिषय छलफल र पारित हुने प्रस्तावको रुपमा समाबेश गरिने छैन ।
५. कुनै एक शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ त्यसपछि आउने प्रोक्सी स्वत:बदर वा अमान्य हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी कम्पनीको प्रधान कार्यालयमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ ।
७. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ ।
८. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन चाहेमा शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी सो व्यहोराको लिखित पत्र प्रधान कार्यालय मैतीदेवीमा दर्ता गर्नु पर्नेछ ।
९. नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनीधि तोक्न सक्नु हुनेछ । तर संरक्षक आफैं संचालकमा उम्मेदवार हुन र आफु संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।
१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा आधिकारीक प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । प्रोक्सीको हकमा पनि सोही व्यवस्था लागु हुनेछ ।
११. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको प्रधान कार्यालय एशियन लाईफ भवन मैतिदेवी काठमाण्डौं तथा अधिराज्य भरी रहेका ३६ वटा शाखा कार्यालयहरुवाट प्राप्त गर्न सकिनेछ । साथै सभाको सूचना र वित्तीय बिवरण कम्पनीको वेभसाईट **www.asianlife.com.np** मा समेत हेर्न सकिनेछ ।
१२. साधारण सभा सम्बन्धि थप जानकारीको लागि कम्पनीको प्रधान कार्यालय एशियन लाईफ भवन मैतिदेवी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।